**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको ४८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित, पहिलो पटक मिति २०७९ मंसिर २९ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित)

श्री शेयरधनी महानुभाव,

मिति २०७९ आश्विन ३१ गते (१७ अक्टूबर २०२२) सोमवारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २४१औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४८औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा भौतिक तथा अभौतिक माध्यम अर्थात भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट समेत उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थानः**

मितिः २०७९ साल पौष २८ गते तद्नुसार १२ जनवरी २०२३, बिहिवारका दिन ।
समयः बिहान ११.०० बजे ।
स्थानः नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं ।

कम्पनीको ४८औं वार्षिक साधारण सभाको बैठक भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट समेत सञ्चालन हुनेछ र शेयरधनी महानुभावहरु साधारण सभामा भर्चुवल भिडियो कन्फेरेन्स अनलाइन माध्यमबाट सहभागिताको लागि समेत अनुरोध गरिएको छ र सोहि अनुसार भर्चुवल भिडियो कन्फेरेन्स माध्यमको समेत व्यवस्था गरिनेछ ।

२. **छलफलका विषयहरुः**

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का वार्षिक आर्थिक विवरणहरु **(Financial Statements)**, २०७९ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा–नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु **(Consolidated Financial Statements)** उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को नाफाबाट शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २१.३१५७८९४७% प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. कम्पनीको सञ्चालक समितिबाट सिफारिश भए बमोजिम कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु पारित गर्ने ।
६. कम्पनीको सञ्चालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।

(ख) विशेष प्रस्ताव

७. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ५ प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

(ग) विविध

८. विविधः अध्यक्षको अनुमति अनुसार ।

संचालक समितिको आज्ञाले
(लिलबहादुर खत्री)
कम्पनी सचिव

## ४८औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) कम्पनीको ४८औं वार्षिक साधारण सभाको बैठक भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट समेत सञ्चालन गरिनेछ । कम्पनीको ४८औं वार्षिक साधारण सभाको बैठकमा भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट शेयरधनीहरुको सहभागिताको लागि जसले पहिला दर्ता गर्दछ वा पहिलो भर्चुवल सहभागी हुन जानकारी गराउँछ उसले सेवा पाउँछको आधारमा **(first come first served basis)** भर्चुवल भिडियो कन्फेरेन्सको **Video conference** लिंक **(link)** शेयरधनीहरुको आधिकारिक ईमेल आईडीमा उपलब्ध गराइनेछ । साथै भिडियो कन्फेरेन्सिंग (भर्चुवल) मार्फत ४८औं वार्षिक साधारण सभाको बैठकमा भाग लिने शेयरधनीहरुको भर्चुवल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणना गर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ ।

२) ४८औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब बिहिबार, २०७९ पौष ७ गते **(22nd December 2022)** देखि, बिहिबार २०७९ पौष २८ **(12th January 2023)** गते सम्म अर्थात ४८औं साधारण सभा सम्पन्न नभए सम्म जम्मा २२ दिनको लागि बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९ पौष ६ गते सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन आई बि एल एस क्यापिटल लि. मा शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

३) भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनी महानुभावहरुलाई ४८औं बार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ । भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनीहरुको हाजिर निजहरुले गरेको भर्चुवल लगईन **(Virtual Log-in)** को आधारमा गरिनेछ । शेयरधनीहरुलाई सहभागिताको लागि भर्चुवल भिडियो कन्फेरेन्सको **Video conference** लिंक **(link)** शेयरधनीहरुको आधिकारिक ईमेल आईडीमा कम्पनीको ईमेल **legal@soaltee.com.np** बाट पठाउने व्यवस्था गरिनेछ ।

४) ४८औं वार्षिक साधारण सभाको सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०७८/७९ शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ईमेल ठेगानामा प्रेषित गरिने छ । साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ४८औं वार्षिक प्रतिवेदन २०७८/७९ यस कम्पनीको वेबसाईट **Website: http://www.soalteehotel.com** मा समेत हेर्न सकिनेछ ।

५) छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०७९ पौष २१ (५ जनवरी २०२३) गते बिहिबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

६) शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्ती पत्र, सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौंमा दर्ता गरी सक्नु पर्नेछ ।

७) शेयरधनीहरुलाई कम्पनीको ४८औं बार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा आईतबार देखि शुक्रबार सम्म बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म (दिउँसो १:०० बजेदेखि २:०० बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ ।

८) कम्पनीको शेयर रजिष्ट्रार एन आई बि एल एस क्यापिटल लि. रहेको समेत जानकारी गराउँदछौं ।

**भिडियो कन्फेरेन्सिङ्ग भर्चुवल (जुम) प्रविधिको प्रयोगको माध्यमबाट कम्पनीको ४८औं वार्षिक साधारण सभाको बैठकमा भर्चुवल उपस्थित भई भाग लिनको लागि शेयरधनी महानुभावहरुले अपनाउनु पर्ने विशेष बिधिहरुको सम्बन्धमा जानकारी सम्बन्धी सूचना :**

१) सहभागी हुने शेयरधनीलाई जुम प्रविधि **(ZOOM Applications)** को प्रयोग मार्फत भिडियो कन्फेरेन्सिङ्ग (भर्चुवल) माध्यमबाट कम्पनीको रजिष्टर्ड कार्यालय, सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा हुने ४८औं वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुनका लागि बैठकमा भाग लिने सबै शेयरधनी महानुभावहरुले अग्रीम रुपमा कम्तीमा एक दिन अगाडी शेयरधनीहरुको कम्पनीमा उपलब्ध/शेयरधनी दर्ता किताबमा रहेको/प्राप्त हुन आएको सम्बन्धित आधिकारिक ईमेल आईडीमा कम्पनीबाट प्रदान गरिएको लिंक मार्फत अग्रिम नाम रजिष्ट्रेसन गरी कन्फर्मेशन लिनु पर्नेछ । रजिष्ट्रेसन भएपछि सहभागी हुने शेयरधनीहरुले कम्पनीको सिस्टम सपोर्टबाट एक कन्फर्मेशन (पुष्टीकरण) ईमेल प्राप्त गर्नुहुनेछ जसमा बैठकमा सामेल हुने सम्वन्धी जानकारी सहित बैठकमा भर्चुवल उपस्थित हुने लिंक समावेश हुनेछ ।

२) बैठकमा भर्चुवल उपस्थित भई आफ्नो मन्तब्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले कम्तीमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक ईमेल आईडी **legal@soaltee.com.np** माध्यमबाट सम्पर्क गरी आफ्नो नाम टिपाउँदा शेयरधनीको नाम, शेयरधनी संकेत नम्बर वा डिम्याटको **BOID** नम्बर, धारण गरेको शेयर संख्या, शेयरधनीको ईमेल, मोबाइल नम्बर कम्पनीलाई उपलब्ध गराउनु हुन अनुरोधछ ।

३) ४८औं वार्षिक साधारण सभाको बैठकमा भर्चुवल सहभागीता समेतबाट संचालन हुने भएकाले प्रविधिको सीमितता, समयको पावन्दी, उपलब्धता र इन्टरनेटको रोकावट जस्ता प्राविधिक कठिनाईलाई मध्येनजर राखी आफ्नो मन्तब्य राखी दिनुहुन समेत शेयरधनी महानुभावहरु समक्ष हार्दिक अनुरोध छ ।

४) ४८औं वार्षिक साधारण सभाको बैठकको भर्चुवल सहभागीता प्राविधिक रुपमा राम्रो अनुभव गर्नका लागि शेयरधनी महानुभावहरुलाई ल्यापटप मार्फत बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछौं ।

५) मोबाइल उपकरण वा ट्याब्लेटबाट वा ल्यापटप मार्फत जडान हुने मोबाइल हटस्पट मार्फत सहभागी हुने शेयरधनी महानुभावहरुले आफ्नो नेटवर्कमा अस्थिरताका कारण अडियो र भिडियो तततप्रस्तुतिमा श्रब्य दृश्यको गुणस्तर बिग्रन सक्ने हुँदा स्थिर वाइफाइ र **LAN connection** (ल्यान जडान) विधि प्रयोग गर्न सिफारिस गरिन्छ ।

**नोटः** कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पुस्तकको **QR Code** सहितको संक्षिप्त आर्थिक विवरणहरु साधारण सभा सम्बन्धी सूचना र सभा सम्बन्धी सामान्य जानकारीहरु समावेश रहेको कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको सूचना मिति २०७९ मंसिर २९ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको जानकारी गराउँदै सो समेत हेर्नुहुन हार्दिक अनुरोध छ ।

**२०७८/७९ को वार्षिक प्रतिवेदन पुस्तकको लागि QR Code**

| नेपाली | English |
|---|---|